नेपाल सरकार

# सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

आर्थिक प्रशासन शाखा

फो.नं.
४२०००००
४२००४६०
४२००२८७
सिंहदरबार काठमाण्डौं

प.सं. आ.प्र. शाखा ०७३/७४
च.नं. ६४१

अति जरुरी

मिति : २०७४/३/१८

विषय : सुनौला हजार दिन कार्यक्रमको मलेप वेरुजु फछ्र्यौट तथा शोधभर्नाका लागि कागजात पठाउने बारे ।

श्री जिल्ला समन्वय समितिको कार्यालय
सुनसरी, खोटाङ्ग, उदयपुर, ओखलढुङ्गा, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली, रामेछाप, मकवानपुर, रौतहट, वारा, पर्सा ।

उपरोक्त सम्वन्धमा यस मन्त्रालय अन्तर्गत सञ्चालित ब.उ.शी.नं. ३६५८३८३ सुनौला हजार दिन कार्यक्रम चालु आ.व. को आषाढ १५ गते सम्पन्न भई सकेको हुँदा आ.व. २०७०/०७१ देखि आ.व. २०७२/७३ सम्मको सवै म.ले.प बेरुजू फछ्र्यौट गराई एवं आ.व. २०७३/७४ को सम्पूर्ण पेश्की रकम फछ्र्यौट गरी सो रकमको दातृ निकायसंग हिसाब फरफारक गर्न आवश्यक रहेकाले यस मन्त्रालयवाट विभिन्न मितिमा तहाँ कार्यालयहरुलाई बाँकी मलेप बेरुजू फछ्र्यौटका लागि वारम्वार ताकेता गर्दा तहांवाट आवश्यक कागजात नपठाउदा वेरुजु फछ्र्यौट हुन नसकेको हुंदा जिम्मेवार प्रमुखको नाताले यस्को गाम्भिर्यतालाई विचार गरी आषाढ २५ गते भित्र आवश्यक कागजात पठाउन हुन अनुरोध गरिन्छ । यसको अतिरिक्त यस कार्यक्रम असार १५ गते LOAN AGREEMENT को म्याद समाप्त भईसकेको हुदा यस मितिसम्म खर्च भएका रकमको खर्चको विवरण (SOE) ढिलाई नगरी आषाढ २५ गते भित्र आइपुग्ने गरी पठाउन हुन अनुरोध गरिन्छ । उल्लेखित कागजातहरु समयमा नआएमा वेरुजु कायम रहिरहने र कानुनतः नेपालले पाउने सोधभर्ना रकम लिन नसकिने भई सोधभर्ना वक्यौताको जिम्मेबारी जिम्मेवार प्रमुखले लिनुपर्ने हुंदा सो अनुसारका कागजात पठाईदिन हुन ध्यानाकर्षण गराईएको व्यहोरा अनुरोध छ ।

(ढुण्डी प्रसाद निरौला)
**उपसचिव (लेखा)**

*वोधार्थ :*
श्री महालेखा नियन्त्रक कार्यालय,
शोधभर्ना शाखा, अनामनगर, काठमाण्डौ : तहाँको च.नं. २२९ मिति २०७४/०३/०६ को पत्र सन्दर्भमा ।
श्री सूचना तथा विद्युतीय शासन शाखा,
मन्त्रालयको Web Site मा राखिदिनुहुन ।